# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan



शिन-ओकुबोमा खुलेको नयाँ रेष्टुरेण्ट

Bamboo छेँ

Taste of Himalaya

FOR PARTY BOOKING 080-5964-7468

✓ शान्त र पारिवारिक वातावरणमा स्वादिष्ट भोजनको आनन्द लिँदै, साथीभाइ, आफन्त र इष्टमित्रहरूसँग भेटघाट गर्नका लागि उत्कृष्ट स्थान चाहिएमा

✓ बिबाह, ब्रतबन्ध, जन्मदिन, एनिभर्सरी, पास्नी जस्ता विशेष अवसरहरूमा उत्कृष्ट सेवा सहित पार्टी गर्न सकिने

✓ १ सय ५० सिट क्षमता, स्टेज र साउण्ड सिस्टम सहित नियमित लाइभ म्युजिकको भरपुर मजा लिन सकिने

✓ तपाईंको विशेष दिनलाई अझ अविस्मरणीय बनाउन सदा सेवामा समर्पित

More Information

Tokyo-To, Shinjuku-Ku, Hyakunincho 1-10-17 (Ichibangai Building 2F)

सम्पर्क नं.:- 03-5989-1708



वर्ष १८, अंक ११, २०८२ असार ०१-१५

Vol. 18, No. 11, June 16-30, 2025


## जापानीसंगै नगर सरसफाईमा जुटे नेपालीहरू पनि



❑ नेस डेस्क

टोकियो – नेपालीहरूको बाक्लो उपस्थिति रहेको टोकियो शिन्ज्युकुको शिनओकुबो नगर क्षेत्रमा बिहीबार यहाँका नेपालीहरूले स्थानीय समुदायसंग मिलेर नगर सरसफाईमा हातेमालो गरेका छन् ।

स्थानीय निकायहरूसंगको सहकार्य र नेपाली व्यवसायी संघ (NBA) जापानको आह्वानमा भएको उक्त नगर सरसफाई कार्यक्रममा नेपाली समुदायका अन्य संघसंस्थाहरूले पनि साथ दिएका थिए ।

लामो समयदेखि नेपालीहरूको व्यवसायिक हब बन्दै आएको शिनओकुबो क्षेत्रमा नेपालीहरूको उपस्थिति र व्यवसायिक गतिविधि बाक्लिदैं गएको सन्दर्भमा स्थानीयसंगको सहकार्य र नेपाल-जापानबीचको सम्बन्धलाई जनस्तरसम्म थप विस्तार गर्न यसप्रकारको सामुदायिक गतिविधि उपयोगी हुने संघका अध्यक्ष विजय थकालीले बताउनुभयो ।

शिनओकुबो-ओकुबो क्षेत्रमा नेपाली लगायत विदेशीहरूको बढ्दो उपस्थितिको अनुपातमा स्थानीयहरूसंग अपेक्षित समन्वय र सहकार्य हुन नसकिरहेको परिप्रेक्ष्यमा सचेत नागरिक हुनुको हैसियतले व्यवसायिक गतिविधिका साथै सामाजिक उत्तरदायित्व सहितको जिम्मेवारीबोधलाई उजागर गर्न र स्थानीयहरूसंग ऐक्यवद्धता जाहेर गर्न व्यवसायी संघले नगर »» बाँकी पृष्ठ ७ मा

## बन्द हुने अवस्थाको औषधि लिमिटेड मुनाफामा

❑ नेस डेस्क

काठमाडौं – नेपालमा औषधि उत्पादन गरी सस्तो र सर्वसुलभ मूल्यमा बेचेर जनताको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यका साथ आजभन्दा ५३ वर्ष अगाडि नेपाल औषधि लिमिटेडको स्थापना गरियो । कुनै बेला १ सय २० थरिका औषधि उत्पादन गरेर बिक्री वितरण गरिरहेको औषधि लिमिटेड ६६ सालमा बन्द हुन पुग्यो । त्यस पछाडि फेरि आवश्यक साधनस्रोतहरू जुटाएर २०७४ सालबाट औषधि लिमिटेड सञ्चालनमा छ । सरकारले झण्डै ९८ वटा औषधि नि:शुल्क वितरण गर्दै आएको छ । त्यो ९८ औषधि नि:शुल्क वितरण गरिनुमा लिमिटेडको भूमिका पनि महत्वपूर्ण छ । नेपाल औषधि लिमिटेड यतिबेला के गरिरहेको छ ? के कस्ता औषधि उत्पादन गरिरहेको छ ? र स्वास्थ्य क्षेत्रमा यसको योगदान कस्तो रहन्छ ? यिनै विषयको सेरोफेरोमा रहेर औषधि लिमिटेडका अध्यक्ष यज्ञप्रसाद न्यौपानेसँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंश:-



यज्ञप्रसाद न्यौपाने
अध्यक्ष, औषधि लिमिटेड

**अहिले नेपाल औषधि लिमिटेड के गरिरहेको छ ?**

हेर्नुस्, म त्यहाँ आउँदा यो संस्था लगभग बन्द प्राय: अवस्थामा थियो । सिटामोल, जीवनजल जस्ता सीमित उत्पादन मात्रै थिए । तर, मेरो कार्यकालको यो तीन वर्षमा हामीले थुप्रै महत्वपूर्ण कामहरू गरेका छौं । पहिले २-३ वटा मात्रै उत्पादन हुँदै आएकोमा अहिले हामी नियमित रूपमा ११ प्रकारका औषधिहरू उत्पादन गरिरहेका छौं, जसमा सिटामोल, जीवनजलदेखि लिएर हेमोडायलासिस लुडसम्म छन् । यति मात्रै होइन, थप ९ वटा नयाँ औषधिहरू हाम्रो अनुसन्धान र विकासको चरणमा छन्, जसले गर्दा निकट भविष्यमै हामी २० वटा उत्पादनमा पुग्छौं । त्यसैले, छोटकरीमा भन्नुपर्दा, नेपाल औषधि लिमिटेड अहिले बन्द हुने अवस्थाबाट माथि उठेर उत्पादन बढाउँदै, नाफामा चल्दैछ । अन्तर्राष्ट्रिय गुणस्तरको मान्यतासहित अब नधर्मराउने गरी उकालो लाग्दो ग्राफमा छ ।

**नेपालमा फार्मास्युटिकल्सको क्षेत्र एकदम व्यापक भएको छ । नेपाल औषधि** »» बाँकी पृष्ठ ७ मा


No.1 TRAVEL We go the extra mile for you

हवाई टिकटका लागि स्वर्णिम अवसर

WINTER & SPRING SPECIAL OFFER

विशेष छुटसहित भरपर्दो हवाईयात्राका लागि सँधै नम्बर वन ट्राभललाई सम्झनुहोला

अन्यत्र भन्दा सुपथ मूल्यमा हवाई टिकटको ग्यारेन्टी

Nepal Airlines | Biman Bangladesh Airlines | KOREAN AIR | CATHAY | malaysia airlines | THAI | AIR INDIA

Sujan: 080-4142-4740 (SB, Viber)
Indra : 080-4142-4741 (SB, Viber)
Kamata Office: 03-6424-5031
/no1travelshibuya

"नम्बर वन ट्राभल"
Kanawa Bld. 2F, 7-52-6 Nishikamata, Ota-ku, Tokyo 144-0051

GMT International

भिजिट भिसा नेपाल-जापान

080-4150-5314 Viber

तपाईंको बाबुआमा वा आफन्तलाई भिजिट भिसामा जापान बोलाउनुपरेमा हामीलाई सम्झनुहोला ।

दुई दशकदेखिको अनुभवसहित सेवामा हाँजिर छौं ।

जापानमा रेस्टुरेन्ट खरिद-विक्री गर्ने नम्बर वन फुदोसान

चिन्ता नगर्नुहोस्!

के तपाईं आफ्नो रेस्टुरेन्ट बेच्ने सोचमा हुनुहुन्छ?

जापानका निम्न शहरहरूमा:

टोकियो | कानागावा | चिबा | साईतामा
ओसाका | नागोया | फुकुओका

यदि तपाईं आफ्नो रेस्टुरेन्ट बेच्ने योजनामा हुनुहुन्छ भने, हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईंको रेस्टुरेन्ट उचित मूल्यमा खरीद गर्नेछौं ।

साथै विक्रीमा रहेको रेस्टुरेन्टको बारेमा जानकारी गराउनु भएमा उचित कमिशन दिइने छ ।

हामी रेस्टुरेन्ट किन्ने र बेच्ने गर्छौं
WE BUY AND SELL RESTAURANT

REAL STYLE 株式会社 REAL STYLE

Contact:
Puja : 070-2639-5628
Dipen : 070-2332-6833
For Japanese:090-3632-6833
〒169-0073 Tokyo, Shinjuku-Ku, Hyakunincho 2-4-5 (804)

## सम्पादकीय

# डायस्पोराले धानेको अर्थतन्त्र

देशको अर्थतन्त्र मन्दीको दलदलमा फसेको यस संवेदनशील घडीमा विदेशिएका श्रमिक नेपालीहरूको पसिना र त्यही पसिनाको मूल्य-रेमिट्यान्सले मुलुकलाई थामेको छ। एकातिर मुलुकको अर्थतन्त्र मन्दीको अध्यौंरो सुरुङमा छ, अर्कोतिर विदेशमा रगत-पसिना बगाउने नेपालीले पठाएको रेमिट्यान्सले कीर्तिमानको उज्यालो छरिरहेको छ। दुर्भाग्य, शासकहरू लाज पचाएर यसैमा रमाइरनु विडम्बना हो।

चालु आर्थिक वर्षको पहिलो दश महिनामा १३ खर्ब ५६ अर्ब रुपैयाँभन्दा बढी रेमिट्यान्स भित्रिनु र वैशाख महिनामा मात्रै हालसम्मकै उच्च १ खर्ब ६५ अर्ब रुपैयाँ आउनुले बाह्य क्षेत्रको सन्तुलनमा ठूलो राहत दिएको छ। तर, यो आँकडाको चमकपछाडि लुकेको हाम्रो राष्ट्रिय अर्थतन्त्रको कहालीलाग्दो चित्रलाई बेवास्ता गर्न मिल्दैन। यो तथ्याङ्कले केवल एउटै तीतो सत्य बोलिरहेको छ- हाम्रो अर्थतन्त्र आफ्नै खुट्टामा उभिएको छैन, यो त विदेशिएका लाखौं युवाको श्रम र पसिनाले धानेको छ।

यो विरोधाभासपूर्ण अवस्थामा सरकार र नीति निर्माताहरू यही तथ्याङ्क देखाएर आत्मरतिमा रमाइरहेका छन्, मानौं यो उनीहरूकै नीतिको सफल परिणाम हो। तर वास्तविकता यो हो कि विदेशी अर्थतन्त्र चलायमान हुँदा र नेपालमा अवसरको खडेरी पर्दा बढेको रेमिट्यान्सलाई आफ्नो सफलता ठान्नु केवल भ्रम हो। रेमिट्यान्सबाहेक अर्थतन्त्रका अन्य सूचकहरू निर्यात, पर्यटन, विदेशी लगानी र आन्तरिक उत्पादन सबै निराशाजनक छन्। राजनीतिक अस्थिरता र कमजोर शासकीय क्षमताले थलिएको अर्थतन्त्रलाई चलायमान बनाउन कुनै ठोस प्रयास भएको देखिँदैन। रेमिट्यान्सको बढ्दो अंकसँगै वैदेशिक रोजगारीमा जाने युवाको लर्को पनि लम्बिनुले मुलुकभित्रको रोजगारी सिर्जनाको भयावह अवस्थालाई उदांगो पारेको छ। यो युवाशक्ति पलायनको पीडामाथि रेमिट्यान्सको मलम लगाएर खुसी हुनुजस्तो मात्र हो।

आज देशको सबैभन्दा ठूलो चुनौती भनेकै आन्तरिक अर्थतन्त्रलाई गतिशील बनाउनु हो। यसका लागि सरकारको भूमिका निर्णायक हुन्छ। तर, सरकार आफैं विकास खर्च गर्न नसकेर अकर्मण्य बनेको छ। राष्ट्र बैंकको ढुकुटीमा झण्डै सात खर्ब रुपैयाँ निष्क्रिय रहनुले यसलाई पुष्टि गर्छ। जबसम्म सरकारले पुँजीगत खर्च बढाएर बजारमा पैसा पठाउँदैन, तबसम्म न लगानीको वातावरण बन्छ, न त नागरिकको हातमा पैसा पुग्छ। बजारमा तरलताको अभाव हुँदा उद्योग, व्यवसाय र निर्माण क्षेत्र ठप्पप्रायः छन्, जसले रोजगारी कटौती र आर्थिक शिथिलतालाई थप गहिरो बनाइरहेको छ।

यस्तो परिस्थितिमा सरकार र राजनीतिक नेतृत्वको मौनता र अकर्मण्यता गम्भीर चिन्ताको विषय हो। सरकार र मुख्यधारका राजनीतिक दलहरू रेमिट्यान्स बढेको तथ्याङ्क देखाएर आत्मसन्तुष्टिमा रमाइरहेका छन्। तर यो वृद्धि मुलुकभित्रको नीति सुधार वा पूर्वाधार विकासको परिणाम होइन, बरू खाडी र अन्य देशको श्रम बजारले दिएको अवसरको उपज हो। अर्काको अर्थतन्त्र सुदृढ भएकाले नेपालका युवाले विदेशी भूमिमा पसिना बेचेर पाएको आम्दानीलाई सफलता मान्नु आत्मप्रवञ्चना मात्रै हो।


तसर्थ, रेमिट्यान्सको यो अस्थायी टेकोमा अडेर सँधैंभरि ढुक्क हुन सकिँदैन। डायस्पोराले पठाएको पैसाले घर-परिवारको चुल्हो बलेको छ र विदेशी मुद्रा सञ्चितिलाई टेवा दिएको छ, तर यो दिगो समाधान होइन। यो त केवल एउटा लक्षण हो, जसले मुलुकभित्रको आर्थिक रोग कति गहिरो छ भन्ने देखाइरहेको छ। सरकारले अब रेमिट्यान्सको आँकडामा रमाउने होइन, बरू यो पैसालाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने र स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने ठोस योजना ल्याउनुपर्छ। सरकारी खर्च बढाएर, लगानीमैत्री वातावरण बनाएर र उद्यमशीलतालाई प्रोत्साहन गरेर मात्रै आन्तरिक अर्थतन्त्रको जग बलियो बनाउन सकिन्छ। अन्यथा, परनिर्भरताको यो चक्रले मुलुकलाई थप जटिलतातर्फ धकेल्ने निश्चित छ र डायस्पोराले धानेको यो अर्थतन्त्र कुनै पनि बेला धर्मराउन सक्छ।




# लोकतन्त्रको खोलभित्र लुकेका शासकहरू

लोकतन्त्र - नाम सुन्दा लाग्छ, जनता सबैभन्दा माथि छन्। तिनीहरूले आफ्ना प्रतिनिधि चुन्छन्, र ती प्रतिनिधिले फेरि नीति बनाउँछन् जनताको भलोका लागि। तर व्यवहारमा के साँच्चै त्यस्तै भइरहेको छ ? हामीकहाँ अहिले जुन शैलीको शासन चलिरहेको छ, त्यो जनताको शासन हैन, त्यो त जनताको नाममा चलेको चुस्त, चिप्लो र निकै सस्तो नाटक हो। यो लोकतन्त्रको अनुहारमा सामन्तवादको आत्मा लुकेको छ - जुन हामीले नछामेसम्म प्रष्ट देख्दैनौं, तर अनुभूति दिनहुँ हुन्छ। आज हामी छायाँ-लोकतन्त्रको बीचमा छौं। शासनको बनावट लोकतान्त्रिक छ - संसद छ, दल छन्, निर्वाचन छ। तर ती संरचनाहरू भित्र घुस्नासाथ महसुस हुन्छ, शक्ति अझै पनि मुट्ठीभर विशेष मान्छेको वरिपरि घुमिरहेको छ। जनता मतदाता मात्र छन्, मालिक होइनन्। सामन्ती युग सम्झनुस् - त्यो बेलामा शक्तिशालीहरू जमिनका मालिक थिए। उनीहरूसँग सेना हुन्थे, निर्णायक शक्ति हुन्थ्यो, र जनतालाई आदेश दिने हैसियत हुन्थ्यो। आजको नव-सामन्तहरूले ती सबै चिजको नयाँ संस्करण बनाएका छन्। अब जमिनको ठाउँमा नीति आएको छ - नीति बनाउने हैसियतलाई उपयोग गरेर स्रोत साधन कब्जा गर्ने काम चलिरहेको छ। सेनाको ठाउँमा निजी सुरक्षागार्ड, बुलेटप्रुफ गाडी, अनि सत्ता पक्षको संरक्षणमा रमाउने हुल छ। त्यसैले लोकतन्त्र र गणतन्त्रको नाउमा सरकारी हतियार कब्जा गरेर पैसा, पहुँच, र मिडिया नियन्त्रण गर्दै सत्ताको स्वाद चाखेर बसेकाछन। उनिहरूको सिन्डिकेट अनुसार सत्ता फेरिएपनि फर्म र पात्र मात्र फेरिएको हुन्छन। कम्युनिस्टहरूले राजा महाराजालाई भन्ने गर्थे, सामन्तहरू लवेदा लगाउँछन दरबारमा बस्छन, र शासन गर्छन भन्थे तर आज आफै नव-सामन्तहरू बनेर 'जनताको सेवक' को मुखुण्डो लगाएर, नेपाली टोपी, लोकभाषण र 'गरिबी अन्त्यको नारा' बोकेर अझै क्रुर र अझै सामन्ती शासन गर्छन् तर विडम्बना, जनताले यो सबै देखेर पनि के गर्ने ? उनीहरूलाई हरेक पाँच वर्षमा आशा बाँडिन्छ, सपना सुनाइन्छ, र फेरि त्यही नाटक दोहोरिन्छ। फरक यत्ति हो - अहिलेका सामन्तहरू झनै सफा देखिन्छन्, आधुनिक भाषा बोल्छन्, तर मुटु उस्तै कठोर छ - जनताको पीडा भुल्ने र आफ्ना फाइदामा शासन चलाउने।

राजनीति भन्ने शब्द सुन्दा कहिल्यै लाग्थ्यो - यो त सेवा गर्ने ठाउँ हो, जहाँ मान्छेहरू जनताको हितमा जीवन अर्पण गर्न आउँछन्। तर आजको यथार्थ हेर्दा राजनीति सेवा होइन, 'सुनको अवसर' बनेको छ। नेताहरू 'जनताको सेवक' बन्ने सपना देखाउने गर्छन्, तर व्यवहारमा त उनीहरू राज्य संयन्त्रका मालिककैँ व्यवहार गर्छन् - जतातर्तै तिनको हालीमुहाली, तिनकै भागबण्डा। टिकट बाँड्ने बेलामा न त विचार हेर्ने चलन छ, न त जनताको माया, अब त चल्ने कुरा हो - सिधा बोल, पहुँच, र कुन ठूलाको मान्छे हो भनेर। मन्त्री बन्ने चाहना भयो भने जनताकै नाममा खुलेको 'लोकतान्त्रिक पसल' बाट किन्ने शैली चल्दैछ - कति लाग्छ ? कसलाई दिनुपर्छ ? कहाँ सेटिङ मिलाउने ? यी प्रश्नहरू अब राजनीति पढ्ने विद्यार्थीका शोधपत्र होइनन्, सत्ताका मूल नियम जस्ता भइसके। नीति बनाउनेहरू नीति पढ्दैनन्, पहुँच राख्छन्। नियुक्तिमा नाम घुसाउनेहरूको सूची योग्यताको आधारमा होइन, 'लाइन मिलाएर' तयार हुन्छ। अनि तिनै नामहरूमा हस्ताक्षर गर्छन् - जनताको प्रतिनिधि भनेर चुनिएका 'प्रभु'हरू। चाकरी संस्कृति यति गहिरो भइसकेको छ कि निष्ठा होइन, 'नजिकको मान्छे' हुनु नै सर्त भएको छ। यसरी हेर्दा राजनीति अब 'सर्भेन्ट अफ द पीपुल' बन्ने थलो होइन, 'मास्टर अफ सिस्टम' बन्ने प्लेटफर्म जस्तो देखिन



## विचार

-डा. गोपाल पौड्याल 'मण्डने'

थालेको छ जहाँ जनताको नाम लिइन्छ, तर काम आफ्नै लाभको हुन्छ।

हिजोका राजा-रजौटाहरू जब जनताको सामना गर्न डराउँथे, उनीहरूले आफ्नो वरिपरि घेरिएका सैनिक र सुरक्षा गार्डले आफूलाई बचाउने प्रयास गर्थे। त्यो सुरक्षा घेरा उनीहरूको कमजोरी र डरको प्रतिरूप थियो। आजका नव-सामन्तहरू पनि त्यही बाटो हिँडिरहेका छन् - तर अब त्यो घेरा केवल फौज वा दरबारमा सीमित छैन। अहिलेको सुरक्षा घेरामा निजी सुरक्षा गार्डदेखि लिएर बुलेटप्रुफ कार र अनगिन्ती 'सेक्युरिटी फेन्स' सम्म छन्।

यिनीहरूले जनताको आँखामा आँखाको साटासाट गर्न डराउँछन्, प्रश्नको सामना गर्न डराउँछन्। किनभने उनीहरूलाई थाहा छ - उनीहरूको शासन 'मायाको' होइन, 'डरको' भरमा टिकेको छ। जो कसैले उठाएको प्रश्नलाई, आलोचना गर्नेलाई सजिलै 'साइबर अपराध'को आरोप लगाउन, 'राष्ट्रिय सुरक्षाको नाममा' दबाउन सकिन्छ। त्यसो त, सुरक्षा घेरा देखिनु भनेको शक्तिको देखावा मात्र होइन, मनभित्रको असुरक्षाको चिन्ह पनि हो। सत्ता धनीहरू जिते जस्तो देखिन्छन्, तर वास्तविकतामा उनीहरू डरका ताता चिप्ला पातमाथि उभिएका छन्। जनताको आवाज दबाएर शासन चलाउनु भनेको अन्ततः आफ्नो कमजोरी लुकाउनु हो - जुन लामो समय टिक्दैन।

लोकतन्त्र भन्ने कुरा जहाँ जनताको प्रतिनिधित्व र जनताको हितमा काम गर्ने व्यवस्था हो, त्यहाँ नैतिक जिम्मेवारी पनि ठूला हुन्छन्। तर हाम्रो देशमा भएको आजको वास्तविक अवस्था त्यो भन्दा बिलकुल फरक छ। जनता जसले आफ्नो पसिना र रगतले कर तिर्छन्, त्यो करलाई कतिपय 'नेताहरू' आफ्नो व्यक्तिगत विलासका लागि प्रयोग गर्छन्। यी नेताहरूको जीवनशैली हेर्ने हो भने, जनताको पीडाको कुनै मूल्य छैन भन्ने स्पष्ट हुन्छ। उनीहरूको विदेशी भ्रमणहरू त यो कुरा प्रमाणित गर्छन् कि उनीहरूलाई देशको विकासभन्दा आफ्नो आराम र रमाइलो बढी महत्वपूर्ण छ। सरकारी खर्चमा हुने ती भ्रमणहरू कतिपय पटक औपचारिक राष्ट्रिय हितमा नभएर, आफ्ना परिवारका सदस्य, नातागोता र आफ्ना विशेष सहयोगीहरूलाई पनि साथमा लिएर जान हुने एउटा विलासी अवसर जस्तै बनिसकेको छ। कुनै औपचारिक योजना, कुनै ठोस कार्यसूची नै नहुँदै, तिनलाई 'सरकारी भ्रमण' भनेर प्रचार गरिन्छ।

यी भ्रमणहरूपछि आउने प्रेस विज्ञप्तिमा मात्र झल्किन्छ – 'भ्रमण अत्यन्त फलदायी रह्यो।' तर त्यो फलदायीपनको कुनै ठोस प्रमाण कहिल्यै देखिँदैन। विकास, सहयोग, लगानी, वा कुनै ठोस परियोजनाको चर्चा नभएर, भ्रमणबाट फर्केपछि हातमा खाली हात ल्याउने यी नेता, देशको नाममा मात्र खर्च लगाउँछन्। यो सबै भइसकेको कुरा होइन, यस्ता घटनाहरूले जनतालाई राजनीतिक संस्थामा रहेको भ्रष्टाचार र असमानताको झल्को मात्र देखाउँछन्।

साधारण जनता आफू परिवारको पेट पाल्न संघर्ष गरिरहेको बेला, उनीहरूको करको रकम विदेशी होटलको महँगो कोठा, विलासी गाडी, बंगला निर्माण, र अरू भोग-विलासमा खर्चिनुले जनतामा ठूलो निराशा र क्रोध पैदा गरेको छ। देशभक्ति, सेवा भावना र जनताको हितको कुरा केवल भाषणमा सीमित छ; व्यवहारमा त्यो कहिल्यै प्रकट हुँदैन। यसले दुईवटा गम्भीर प्रश्न उठाउँछ।

वास्तवमा, यो समस्या राजनीतिक सँस्कृतिको एउटा गंभीर विकृति हो। नेताहरू आफूलाई 'जनताको सेवक' होइन, 'शाही मालिक' जस्तै देखाउँछन्। जनता त उनीहरूको पखेटामा बसेका मखमली पन्छी मात्र हुन्। जबसम्म जनताले आफ्ना अधिकारमा सचेत भएर सक्रिय भूमिका खेल्दैनन्, यस्ता विलासिताले रोकथाम पाउने छैनन्। साथै, सरकारी लगानी र खर्चमा पारदर्शिता नआएसम्म, भ्रष्टाचारको जरा गाढा हुँदासम्म, र 'सर्भेन्ट अफ द पीपुल' होइन 'मास्टर अफ सिस्टम' बन्ने प्रवृत्ति निरन्तर रहने छ। जनताको करको रगतले खरिदिएको विलासले केवल नेताहरूलाई सत्तामा टिक्न मात्र मद्दत गर्ने छ, तर देशको समृद्धि र जनताको जीवनस्तर सुधार्ने काम कहिल्यै हुने छैन। त्यसैले यो आवश्यक छ कि हामी जनताले आफ्नो भूमिका पुनः परिभाषित गरौं, राजनीतिक सचेतना बढाऔं र यस्तो विलासिताको अन्त्यका लागि संगठित र दृढ आवाज उठाऔं। यो मात्र होइन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने लोकतान्त्रिक संरचना बलियो बनाउनु पनि महत्वपूर्ण छ। जबसम्म यी कुराहरू सम्भव हुँदैनन्, तबसम्म हाम्रो लोकतन्त्र केवल नाम मात्रको हुने छ।

जनताले आफूले तिरेको करबाट सञ्चालित सरकारमा विश्वास गर्ने सपना बोकेको बेला, राज्यका सबै तहहरूमा ' कमिसन' र 'घुस'को बोलबाला छ। एउटा सामान्य कर्मचारीदेखि लिएर उच्चतम पदाधिकारीसम्म, सरकारी सेवा ठेक्का, परियोजना प्रस्ताव, सरकारी खरिद-फरक प्रक्रिया, कर्मचारी नियुक्ति, पदोन्नति, इत्यादि सबै कुरामा 'पसिना चोर्ने' काममा भ्रष्टाचारको अमिट छाप छ। यसका लागि कडा कानूनी कारबाही, पारदर्शिता, जवाफदेहिता, र नागरिक सचेतना अनिवार्य छन्। यसबाहेक सरकारी प्रणालीलाई सुधार गरेर, स्वतन्त्र अनुगमन र भ्रष्टाचार विरुद्धको प्रभावकारी संस्था निर्माण गरेर मात्र हामी यो गम्भीर समस्यालाई समाधान गर्न सकिन्छ। नेपालको लोकतन्त्रले सच्चा मर्म पाउनुपर्छ भने भ्रष्टाचारको यस्तो दुष्चक्रलाई तोड्नु अपरिहार्य छ। यसले मात्र हामी जनताका सेवा गर्ने शासकहरूलाई चयन गर्न सक्नेछौं, न कि सिस्टमकै मास्टरहरूलाई।

# प्रतिभाशाली विदेशी अनुसन्धाता आकर्षित गर्न जापानद्वारा १ खर्बको प्याकेज



❑ नेस संवाददाता

टोकियो – जापान सरकारले विदेशी प्रतिभाशाली अनुसन्धानकर्ताहरूलाई आकर्षित गर्न १०० अर्ब येन (करिब ९९ अर्ब नेपाली रूपैयाँ) बराबरको एक महत्वाकांक्षी नीतिगत प्याकेज सार्वजनिक गरेको छ । विशेषगरी, अनुसन्धान बजेट कटौतीका कारण संयुक्त राज्य अमेरिकाबाट पलायन भइरहेका प्रतिभाशाली वैज्ञानिकहरूलाई जापान भित्र्याउने यस योजनाको मुख्य लक्ष्य रहेको छ ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र सेमिकन्डक्टर जस्ता क्षेत्रमा विश्वव्यापी रूपमा प्रतिभा तान्ने प्रतिस्पर्धा तीव्र भइरहेका बेला जापानमा एक विशिष्ट र उच्चस्तरीय अनुसन्धान वातावरण सिर्जना गर्नु यस प्याकेजको उद्देश्य हो । यसका लागि सरकारले विश्वविद्यालयहरूलाई अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धी अनुसन्धान गर्न सक्षम बनाउन राज्यद्वारा स्थापित १० खर्ब येनको लगानी कोषबाट हुने नाफालाई समेत उपयोग गर्ने योजना बनाएको छ । 'हामी हाम्रो देशलाई अनुसन्धानकर्ताहरूका लागि विश्वकै सबैभन्दा आकर्षक गन्तव्य बनाउन हरसम्भव प्रयास गर्नेछौं,' विज्ञान तथा प्रविधि नीति मन्त्री मिनोरू किउचीले एक पत्रकार सम्मेलनमा भने ।

विगतमा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले अमेरिकी विश्वविद्यालयहरूलाई विदेशीभन्दा अमेरिकी विद्यार्थीलाई प्राथमिकता दिन दबाब दिएको र विभिन्न अनुसन्धान कार्यक्रमको बजेटमा कटौती गरेपछि धेरै अनुसन्धानकर्ताहरूले अमेरिका छाडेका थिए । जापान यही अवसरको फाइदा उठाउन चाहन्छ । जापानको यो नयाँ प्याकेजले विभिन्न विद्यमान कार्यक्रमलाई पनि बजेट उपलब्ध गराउने छ । यसमा तोहोकु विश्वविद्यालयले जापान तथा विदेशबाट करिब ५ सय अनुसन्धानकर्ता भर्ना गर्न ३० अर्ब येन खर्च गर्ने योजना पनि समावेश छ । उच्चस्तरीय अनुसन्धानलाई प्रवर्द्धन गर्न 'हब' हरू सिर्जना गर्ने शिक्षा मन्त्रालयको परियोजना पनि यसमा समेटिएको छ । सरकारले अनुसन्धानकर्ताहरूको तलब वृद्धि गर्ने, उनीहरूको प्रशासनिक झन्झट कम गर्ने र अनुसन्धानमा ध्यान केन्द्रीत गर्न सहज वातावरण बनाउने लक्ष्य राखेको छ ।

# बहुसाँस्कृतिक केन्द्र निर्माण गर्न सिड्नीमा आध्यात्मिक महोत्सव हुने

❑ नेस संवाददाता

टोकियो – यहि अगष्ट २९ देखि सिड्नीमा आध्यात्मिक महोत्सव हुने भएको छ । प्रस्तावित ग्रेटर सिड्नी नेपाली बहुसाँस्कृतिक केन्द्र निर्माणका लागि आयोजित सिड्नी आध्यात्मिक महोत्सव ३ दिनसम्म चल्ने छ ।

नेपालीहरूको साझा केन्द्र, ग्रेटर सिड्नी नेपाली बहुसाँस्कृतिक केन्द्र निर्माणका लागि सिड्नी सेरोफेरोमा रहने नेपालीहरूमा सचेतना फैलाउन र आवश्यक अर्थ संकलनका लागि यो आध्यात्मिक महोत्सव आयोजना गर्न लागिएको अध्यक्ष विष्णु हमालले जानकारी दिनुभयो । महोत्सवमा वाचन प्रविण पण्डित दीनबन्धु पोखेलको प्रमुख आतिथ्यतामा स्थानीय पण्डितहरूले समेत कथा, धार्मिक एवं आध्यात्मिक प्रवचन दिनेछन् । महोत्सवमा कलश यात्रा पूजाआजा, आरती र भजन कीर्तन गरिने अध्यक्ष हमालले जानकारी दिनुभयो । सिड्नी आध्यात्मिक महोत्सवलाई सफल बनाउन सम्पूर्ण व्यवसायीलाई आफ्नो क्षमता अनुसार सहयोग गरिदिन र सर्वसाधारण सबैलाई सदस्यता लिन संस्थाका उपाध्यक्ष उमेश पन्तले अनुरोध गर्नुभएको छ ।

आध्यात्मिक महोत्सवको पहिलो दिन कलश यात्राबाट सुरू हुनेछ । सिड्नीमा रहेका १००८ महिला दिदीबहिनी कलश यात्रामा सहभागी हुनेछन् ।

# भारतीय प्रधानमन्त्री मोदीको जापान भ्रमण हुने

❑ नेस संवाददाता

टोकियो – भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी अगस्ट महिनाको अन्त्यतिर जापानको भ्रमण गर्ने कार्यक्रम छ । कूटनीतिक भ्रमणका क्रममा उहाँले जापानी समकक्षी शिगेरू इशिबासँग भेटवार्ता गर्नुहुनेछ ।

भ्रमणको मुख्य उद्देश्य भारतको पश्चिमी क्षेत्रमा निर्माणाधीन उच्च-गतिको रेल परियोजनाका लागि जापानको नयाँ पुस्ताको 'शिन्कानसेन' बुलेट ट्रेन भित्र्याउने सम्झौतालाई अन्तिम रूप दिनु रहेको बताइएको छ । दुई नेताबीच सन् २००८ मा भएको 'संयुक्त सुरक्षा सहयोग घोषणापत्र' लाई परिमार्जन गर्ने विषयमा पनि सहमति जुट्ने अपेक्षा गरिएको छ । चीनको बढ्दो सामुद्रिक प्रभावलाई ध्यानमा राख्दै सुरक्षा साझेदारीलाई थप फराकिलो बनाउने उद्देश्यले यो कदम चालिन लागेको हो ।

परिमार्जित घोषणापत्रमार्फत अन्तरिक्ष र साइबर सुरक्षाजस्ता वृहत् क्षेत्रमा समेत सहकार्य सुदृढ गर्न दुवै पक्ष सहमत हुने छ । यो भ्रमणमार्फत मोदी र इशिबाले अमेरिका र अष्ट्रेलिया सम्मिलित 'क्वाड' ढाँचाको शिखर सम्मेलनअघि आपसी संवादलाई थप बलियो बनाउने लक्ष्य राखेका छन् । उक्त चार-पक्षीय शिखर सम्मेलन यसै वर्षको अन्त्यतिर नयाँ दिल्लीमा आयोजना हुने तय भएको छ ।

# म्याग्दीमा व्यवसायिक अरिङ्गाल पालन



❑ नेस संवाददाता

काठमाडौं – म्याग्दीको बेनी नगरपालिका-६ जामुनाखर्कका अशोक शाहीले राहुवडास्थित पाखोबारीमा व्यवसायिक अरिङ्गालपालन गर्दै आउनुभएको छ । शाहीले नजिकैको जंगलबाट ल्याएर ११ गोला अरिङ्गाल पाल्न थालेको जानकारी दिनुभयो । राहुवडामा खुर्सानीखेतीका लागि सम्याएको पाखाको भित्ता र जामुनाखर्कमा घरको बार्दलीमा उनीसँगै श्रीमती गीताले अरिङ्गाल पालन गर्नुभएको हो । नयाँ किसिमको व्यवसाय गर्ने योजनाअनुसार गत वर्ष जङ्गलबाट घरमा ल्याएर गरेको अरिङ्गाल पालन सफल भएको बताइएको छ ।

पर्वतको जलजला गाउँपालिकाको लघुउद्यम विकास सहजकर्तासमेत रहनुभएकी गीताको योजनालाई गाउँमा हस्तकला तथा फर्निचर उद्योग सञ्चालन गर्दै आउनुभएका श्रीमान् अशोकले साथ दिनुभएको हो । प्रत्येक दुई महिनामा एउटा गोलाबाट आठ किलोसम्मको अरिङ्गालको लार्भा निकाल्न सकिने शाही दम्पतीको भनाई छ ।

शाहीका अनुसार जंगलबाट ल्याइएको अरिङ्गाल २५ प्रतिशत भागेर जाने र ७५ प्रतिशत मात्रै राखेको ठाउँमा बस्ने गर्दछन् । गत वर्ष ३० किलो लार्भा उत्पादन गरेका शाही दम्पतीले यस वर्ष २५ वटा गोला पालेर करिब एक क्विन्टल लार्भा बेच्ने लक्ष्य रहेको छ । एउटा गोलाबाट एकपटकमा आठ किलोसम्म लार्भा निकाल्न सकिन्छ । प्रत्येक दुई/दुई महिनामा लार्भा निकाल्न सकिन्छ ।

पालेका अरिङ्गाल चरनका लागि जंगल र खेतबारीमा जान्छन् । किरा, फट्याङ्जा, विभिन्न प्रजातिका फूल तथा फलफूल अरिङ्गालका आहारा हुन् । झरी परेको समयमा मासु र फलफूल आहाराका रूपमा दिने गरेको शाही बताउनुहुन्छ । शक्तिवर्द्धक मानिने अरिङ्गालको भुटेको लार्भा प्रतिकिलो रू ६ सयका दरले बिक्री हुने बेनीका होटल व्यवसायी राजन लामा बताउनुहुन्छ । अरिङ्गाल बर्खायाममा बेनीमा आउने पाहुनाको प्रमुख रोजाइमा पर्ने गरेको उहाँको अनुभव छ । जेठबाट गोला बनाउन सुरू गर्ने अरिङ्गालका लार्भा कात्तिकसम्म बिक्री हुन्छन् । अरिङ्गाल पाल्न सजिलो काम भने होइन । गोला जङ्गलबाट सार्दा सावधानी अपनाउन सकिएन भने ज्यान जोखिममा पर्छ । अरिङ्गाल रिसाएर टोक्ने सम्भावना बढी हुने शाहीको अनुभव छ ।












# दैलेखमा ५० वर्षलाई पुग्ने प्राकृतिक ग्यासको भण्डार पुष्टि



❑ नेस संवाददाता

काठमाडौं – दैलेखको जलजलेमा नेपाललाई करिब ५० वर्षसम्म पुग्ने विशाल प्राकृतिक ग्यासको भण्डार फेला परेको छ। चिनियाँ विज्ञ टोलीले खानी तथा भू-गर्भ विभागलाई बुझाएको प्रारम्भिक प्रतिवेदनअनुसार त्यहाँ १ अर्ब १२ करोड घनमिटरभन्दा बढी मिथेन ग्यास रहेको पुष्टि भएको हो।

नेपाल र चीन सरकारबीचको द्विपक्षीय सम्झौता (जीटूजी) अन्तर्गत दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा ४ हजार १३ मिटर गहिराइसम्म गरिएको ड्रिलिङपछि यो उत्साहजनक नतिजा आएको हो। सदियौंदेखि दैलेखको पञ्चकोशी क्षेत्रमा दैवी शक्तिका रूपमा बलिरहेको अखण्ड ज्वाला वास्तवमा जमिनमुनिको यही मिथेन ग्यासका कारण भएको वैज्ञानिक रूपमा प्रमाणित भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रारम्भिक प्रतिवेदनले सरकारलाई निकै उत्साहित बनाएको र यसले देशको आर्थिक अवस्था सुधार्न ठूलो टेवा पुऱ्याउने बताएका छन्। सरकारले आगामी डिसेम्बरभित्रै व्यावसायिक उत्पादनको परीक्षण सुरु गर्ने लक्ष्यका साथ काम अघि बढाएको छ।

यो ग्यासको भण्डार व्यावसायिक रूपमा उत्पादन गर्न सके नेपालले खाना पकाउने ग्यास, सवारी इन्धन, विद्युत् उत्पादन र रासायनिक मल कारखाना सञ्चालनमा आत्मनिर्भर बन्दै वार्षिक अर्बौं रुपैयाँको आयात प्रतिस्थापन गर्न सक्नेछ। यो खोजले दैलेख र कर्णाली प्रदेश मात्र नभई सिंगो राष्ट्रको समृद्धिको नयाँ अध्याय सुरु हुने विश्वास गरिएको छ।

# नेपाली विद्यार्थीको अमेरिका सपनामा ग्रहण, बेलायत र जापान रोजाइमा

❑ नेस संवाददाता

काठमाडौं – उच्च शिक्षा हासिल गर्न अमेरिका जाने सपना बुनिरहेका हजारौं नेपाली विद्यार्थीको भविष्य एकाएक अनिश्चित बनेको छ। ट्रम्प प्रशासनले लागू गरेको कठोर भिसा प्रतिबन्धले उनीहरूलाई आफ्नो योजनामा पुनर्विचार गर्न मात्र होइन, अमेरिकाको विकल्पमा अन्य देशको बाटो समाउनसमेत बाध्य बनाएको हो।

यो नीतिले अमेरिकामा अध्ययनरत विद्यार्थीमा समेत त्रासको वातावरण सिर्जना गरेको छ। लामो समयदेखि अमेरिका नेपाली विद्यार्थीका लागि उच्च शिक्षाको प्रमुख गन्तव्य रहँदै आएको थियो। अन्तर्राष्ट्रिय विद्यार्थी पठाउने मुलुकको सूचीमा नेपाल दशौं स्थानमा थियो, तर पछिल्लो समय यो संख्यामा उल्लेख्य गिरावट आएको छ। अमेरिकी विदेश मन्त्रालयले आफ्ना दूतावासहरूलाई नयाँ भिसा जारी नगर्न र आवेदकहरूको सामाजिक सञ्जालका गतिविधिमाथि समेत कडा निगरानी गर्न निर्देशन दिएपछि यो संकट गहिरिएको हो।

भिसा रद्द हुने वा अमेरिका फर्कन नपाइने डरले धेरै विद्यार्थीले गर्मी बिदामा घर फर्कने योजनासमेत रद्द गरेका छन्। 'पुनः अमेरिका फर्किन पाइन्छ कि पाइँदैन भन्ने निश्चित नभएकाले म र मेरा साथीहरू यो पटक घर गएनौं,' ओहायोमा अध्ययनरत एक नेपाली विद्यार्थीले आफ्नो पीडा पोख्नुभायो।



सानातिना गल्तीमा समेत भिसा रद्द हुन थालेपछि विद्यार्थीहरू थप त्रसित छन्। तीव्र गतिमा गाडी चलाएको वा पार्किङ टिकट पाएको जस्ता सामान्य कारण देखाउँदै इमेलमार्फत भिसा रद्द गरिएका घटनाले अन्तर्राष्ट्रिय विद्यार्थीमाझ निष्कासनको भय बढाएको छ। अस्थायी संरक्षित स्थिति (टीपीएस) पाएका हजारौं नेपालीले समेत निष्कासनको सामना गर्नुपर्ने अवस्था छ।

अमेरिकी नीतिको प्रत्यक्ष फाइदा बेलायत, क्यानडा, अस्ट्रेलिया र जापानजस्ता देशले उठाइरहेका छन्। सन् २०२४ मा बेलायती विश्वविद्यालयमा नेपाली विद्यार्थीको भर्नामा ६३ प्रतिशतको ऐतिहासिक वृद्धि देखिएको छ। त्यस्तै, जापानमा अध्ययनरत नेपाली विद्यार्थीको संख्या पनि ६४ हजार नाघेको छ।

# उपचारका लागि विदेशीको रोजाइ बन्दै नेपाल

❑ नेस संवाददाता

काठमाडौं – केही वर्षअघिसम्म जटिल रोगको उपचारका लागि विदेश धाउनुपर्ने बाध्यतामा रहेका नेपालीहरूका लागि अब परिस्थिति फेरिएको छ। पछिल्लो एक दशकमा स्वास्थ्य क्षेत्रमा मारेको फड्कोसँगै नेपाल अब मिर्गौला प्रत्यारोपण, क्यान्सर, कलेजो र आँखाजस्ता कैयौं रोगको उपचारका लागि विदेशी नागरिकको समेत आकर्षक गन्तव्य बन्न थालेको छ।

एक दशकअघि मिर्गौला प्रत्यारोपण वा कलेजो प्रत्यारोपण नेपालीका लागि सपनाजस्तै थियो र यसका लागि लाखौं खर्च गरेर विदेश जानुको विकल्प थिएन। तर, भक्तपुरस्थित 'सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र' को स्थापनाले यो क्षेत्रमा क्रान्ति ल्याएको छ। हाल सफलतापूर्वक मिर्गौला र कलेजो प्रत्यारोपण गरिरहेको यस केन्द्रले हजारौं नेपालीको जीवन र सम्पत्ति जोगाएको छ। यहाँ उपचारका लागि भारत र बंगलादेशबाट समेत बिरामी आउन थालेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क छ। सरकार अब नेपालमै मुटु प्रत्यारोपण सेवा सुरु गर्ने महत्वाकांक्षी तयारीमा जुटेको छ।

नेपालको आँखा स्वास्थ्य सेवाको सफलता विश्वस्तरमै प्रशंसित छ। झापा, विराटनगर, भैरहवा र भरतपुरजस्ता सहरमा रहेका आँखा अस्पतालहरू भारतीय नागरिकका लागि पहिलो रोजाइ बनेका छन्। यी अस्पतालहरूमा उपचार गराउन आउनेमध्ये ६० देखि ८० प्रतिशत बिरामी भारतीय हुनुले नेपालको सेवाको गुणस्तर र विश्वसनीयता प्रमाणित गर्छ। सस्तो र गुणस्तरीय सेवाका कारण सीमावर्ती भारतीय क्षेत्रका लागि नेपालका आँखा अस्पताल वरदान साबित भएका छन्।

# विदेशमा रहेका नेपालीको विवरण अब 'श्रम संसार एप' मा

❑ नेस संवाददाता

काठमाडौं – सरकारले विदेशमा रहेका नेपालीको सूचना र विवरण संकलन गर्ने गरी 'श्रम संसार एप' सञ्चालनमा ल्याएको छ। बिहीबारदेखि उक्त एप सञ्चालनमा ल्याइएको परराष्ट्रमन्त्री आरजु देउवा राणाले जानकारी दिनुभयो। श्रम गन्तव्य मुलुकहरूमा रहेका नेपालीहरूको सूचना र विवरण संकलन गर्ने उद्देश्य राखी संसारभरिका नेपाली डायस्पोराकै विवरण संकलन गर्न सक्ने गरी निर्माण गरिएको 'श्रम संसार एप' बिहीबारदेखि सञ्चालनमा ल्याइएको हो। यो एपमा आफ्नो विवरण दर्ता गराएपछि यसमार्फत् कहाँ, कुन अवस्थामा र कति संख्यामा नेपालीहरू रहेका छन् भन्ने बारेको जानकारी प्राप्त गर्न सहज हुने बताईएको छ।

विवरण संकलन भएपछि विदेशमा रहेका नेपालीलाई आवश्यक कन्सुलर सेवा प्रदान गर्न तथा समस्यामा परेकाहरूको तत्कालै उद्धार गर्न सहज हुने मन्त्री राणाले बताउनुभयो।

भिजिट भिसामा
जापानबाट अमेरिका
AFFORDABLE AND EASY DOCUMENTATION SERVICE
(साथै क्यानडा, अस्ट्रेलिया, युके लगायतका अन्य देशहरुमा
भिजिट भिसामा जानुपरेमा आवश्यक डकुमेन्टेसनका लागि सम्पर्क गर्नुहोला )
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314
GMT International
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

तपाईहरुकै प्रतिक्षामा भेटघाट
तपाईहरुकै रोजाई अनुसार स्वादिष्ट परिकारका साथमा सबैखाले भेटघाट, बैठक, रमाईलो रमझम सहित बर्थ डे लगायतका विभिन्न पार्टीहरु गर्नुपरेमा वा आफ्ना चेलीबेटी तथा पाहुना खुवाउनुपरेमा सँधै हामीलाई सम्झनुहोला । यहाँहरुको सन्तुष्टि नै हाम्रो सफलता हो ।
Contact Number : 03-5338-4066 | 03-5338-4067
भेटघाट नेपाली रेष्टुरेन्ट BHETGHAT NEPALI RESTAURANT
JR Yamanote Line, Shin-Okubo Station (Only 2 minute walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00 - 24:00

कुनै पनि भिसा र इमिग्रेशन सम्बन्धि कामको लागि हामीलाई सम्झनुहोला
१) बिजनेश भिसा बनाउनुपरेमा
२) कम्पनी खोल्नुपरेमा
३) अन्तर्देशिय विवाह तथा डिभोर्स गर्नुपरेमा
४) एइज्युकेन एप्लाई गर्नुपरेमा
५) वर्किङ भिसामा नेपालबाट कोही बोलाउनुपरेमा
६) भिसा नविकरण गर्नुपरेमा
७) जापानी पासपोर्ट एप्लाई गर्नुपरेमा
८) भिसा परिर्वतन गर्नुपरेमा
Visa Service Gyoseishoshi
行政書士 古市 展宏
日行連登録 第 19081782 号
〒158-0087 東京都世田谷区玉堤 1-13-32-10
03-6670-5305
090-2334-4601 (Viber OK)

जापानको लाइसेन्स सेन्टरमा दर्ता भएको पहिलो र एकमात्र नेपाली ड्राइभिङ्ग स्कुल
届出自動車教習所
PRABHU DRIVING School Japan
Since 2017
जेरोबाट ड्राइभिङ्ग सिकेर लाइसेन्स निकाल्न तथा नेपाली ड्राइभिङ्ग लाइसेन्सलाई जापानीमा परिवर्तन गर्न हामीलाई सम्झनुहोस् ।
DISCOUNT 10% ON DRIVING FEE
MORE INFO. 03-5937-4250
(Viber, WhatsApp OK) 080-9027-6114 080-3352-8032 090-9630-7381
TRAINING SPOT SASHIOGI STATION, SAITAMA 埼玉県さいたま市西区宝来 84
HEAD OFFICE SHIN OKUBO STATION, TOKYO 169-0077 東京都新宿区百人町1-11-31 新大久保ビルディング1,401
STATION: JR LINES: OKUBO/SHINOKUBO

# घर-घरमा दुर्व्यसनको पीडा, गाउँ पस्यो "सेतो विष"



❑ नेस संवाददाता

काठमाडौं – कुनै बेला सहरी क्षेत्रको प्रमुख टाउको दुखाइ मानिने लागुऔषधको कारोबार र दुर्व्यसन अब महामारीझैँ देशका गाउँ–गाउँसम्म फैलिएको छ। देशको भविष्यका कर्णधार मानिने १५ देखि २५ वर्ष उमेर समूहका युवाहरू यसको विषालु पासोमा पर्दै जाँदा परिवार, समाज र सिंगो राष्ट्र नै गम्भीर संकटतर्फ धकेलिएको हो।

पछिल्लो पाँच वर्षको तथ्याङ्कले लागुऔषधको ओसारपसार, कारोबार र प्रयोगमा आएको डरलाग्दो वृद्धिले स्थितिको भयावहतालाई उजागर गरेको छ। नेपाल प्रहरीको तथ्याङ्कले पछिल्लो पाँच वर्षमा लागुऔषधको कारोबार र बरामदगीमा अकल्पनीय वृद्धि देखाउँछ। आर्थिक वर्ष २०७६/७७ मा ४ हजार ५ सय ४६ जना कारोबारी पक्राउ परेकोमा यो संख्या आव २०८१/८२ को पहिलो दश महिनामै बढेर ६ हजार २ सय ५२ पुगेको छ।

बरामद गरिएका लागुऔषधको परिणामले पनि डरलाग्दो संकटको चित्रण गरेको छ। पाँच वर्षअघि करिब ४ जार ३ सय ३५ केजी गाँजा बरामद भएकोमा यो वर्ष ३७ हजार ४ सय ६३ केजी बरामद भएको छ, जुन झण्डै नौ गुणा बढी हो। अझ चिन्ताजनक रूपमा, औषधीका रूपमा प्रयोग हुने (फर्मास्युटिकल ड्रग्स) को बरामदगी ३ लाख ३५ हजार थानबाट बढेर ३० लाख ५ सय ६५ थान पुगेको छ, जुन लगभग दश गुणाको वृद्धि हो। यसले दुर्व्यसनको प्रकृति परम्परागत लागुऔषधबाट रासायनिक र औषधीजन्य नशातर्फ मोडिएको देखाउँछ। विज्ञहरूका अनुसार, ग्रामीण सडक सञ्जालको विस्तार र बढ्दो बजारीकरणले कारोबारीहरूलाई आफ्नो सञ्जाल गाउँसम्म पुऱ्याउन सहज बनाएको छ।

# सहरमा बाढीको सन्त्रास

❑ नेस संवाददाता

काठमाडौं – बर्खाको पहिलो झरीसँगै काठमाडौं उपत्यकावासीको मनमा डरको बादल मडारिन थाल्छ। खोला किनारका बासिन्दाहरू 'पोहोर जसोतसो ज्यान जोगाइयो, यसपालि के होला' भन्दै त्रासमा रात बिताउन विवश छन्। यो एक दशकदेखि दोहोरिइरहेको नियति हो।

दुई दशकअघिसम्म हरियाली फाँट र खेतबारीले ढाकिएको उपत्यका आज कंक्रिटको जंगलमा परिणत भएको छ। धान रोप्ने मनोरम दृश्य अब केवल सम्झनामा सीमित छ। वैज्ञानिक योजना र दूरदृष्टिविना गरिएको अनियन्त्रित बस्ती विस्तारले उपत्यकालाई 'सहरी बाढी'को स्थायी सिकार बनाएको छ। पानीको निकास नहुनु, खोलाको बहाव क्षेत्र मिचेर स्थायी संरचना बनाउनु र परेको पानी सोझै खोलामा मिसिँदा सामान्य वर्षाले पनि विनाशकारी डुबान निम्त्याउने गरेको छ। यस वर्षको मनसुनमा जोखिम अझ बढेको छ, जसको केन्द्रबिन्दु हो – चोभारको गल्छी। उपत्यकाको पानी निकास हुने यो एकमात्र प्राकृतिक द्वार गत असोजको भीषण बाढीपछि ललितपुरतर्फबाट खसेको चट्टान र गेग्रानले साँघुरिएको छ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, गल्छीमा थुप्रिएको अवरोध नहटाए उपत्यकाको डुबान समस्या भयावह हुन सक्छ। प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले भने, 'गल्छी साँघुरो भएको छ। पहिरोले थुपारेका ढुंगा सफाइ नगर्दा बाढीको जोखिम उच्च छ। सहरी विकास मन्त्रालय र सेनाले अध्ययन गरेपछि निर्णय हुन्छ।' तर, यो समाधान त्यति सहज छैन।

# 'डाइभर्सन' को भरमा राजमार्ग

❑ नेस संवाददाता

काठमाडौं – बिहीबार रातिको वर्षाले देशको पूर्व–पश्चिम जोड्ने मुख्य धमनी, महेन्द्र राजमार्गलाई नवलपरासीमा क्षतविक्षत बनायो। पानीको बहावले पुल होइन, महिनौंदेखि पुलको विकल्पमा बनाइएका अस्थायी डाइभर्सनहरू बगाउँदा रातिदेखि नै राजमार्ग अवरूद्ध भयो र हजारौं यात्रु घण्टौंसम्म सडकमा अलपत्र परे। यो घटना एउटा उदाहरण मात्र हो, जसले देशैभरिका राजमार्गहरू कसरी अस्थायी र कमजोर 'डाइभर्सन–तन्त्र' मा आश्रित छन् भन्ने डरलाग्दो चित्र उजागर गरेको छ।

भीषण वर्षापछि आएको बाढीले नवलपरासीको विनयी त्रिवेणी, चोरमारा, दुम्कीबास र दाउन्नेमा बनाइएका डाइभर्सनहरू एकै रातमा बगाएको थियो। विडम्बना त के छ भने, चोरमारा र दुम्कीबासका पुलहरू गत वैशाख र पुसमा भाँचिएका थिए। महिनौं बित्दा पनि स्थायी पुल निर्माणमा चासो नदिंदा खोलाबाट बनाइएका कच्ची डाइभर्सनकै भरमा देशको सबभन्दा चल्तीको राजमार्ग सञ्चालन भइरहेको थियो, जसलाई वर्षाको पहिलो झमकाले नै बगाइदियो।

यो समस्या नवलपरासीको मात्र होइन। काठमाडौं–हेटौंडा जोड्ने कान्ति लोकपथ र सिन्धुली हुँदै तराई जोड्ने बीपी राजमार्गको अवस्था पनि उस्तै छ। गत असोजको बाढीले क्षति पुऱ्याएका यी




सडकहरू अझै पनि डाइभर्सनकै भरमा छन्, जुन सामान्य वर्षामा पनि बग्ने र सडक अवरूद्ध हुने नियति बनेको छ। सडक भासिँदा वा पुल भत्किँदा तत्कालका लागि बनाइने अस्थायी समाधान नै स्थायीजस्तो बन्न पुग्दा नागरिकले बर्सेनि दु:ख मात्र पाएका छैनन्, कहिलेकाहीँ मानवीय क्षतिसमेत ब्यहोर्नुपरेको छ।

सडक वा पुल भत्किँदा यातायात नरोकियोस् भनेर डाइभर्सन बनाउनु स्वाभाविक प्रक्रिया हो। सडक विभागका सहसचिव तथा प्रवक्ता प्रभात झाका अनुसार डाइभर्सन स्थायी समाधान होइन, तर क्षतिग्रस्त संरचनाको पुनर्निर्माण नभएसम्म यसको विकल्प पनि हुँदैन। उनले खरिद तथा ठेक्कापट्टाको लामो प्रक्रियाका कारण नयाँ संरचना निर्माणमा ढिलाइ हुने गरेको स्वीकार गरेका छन्।

# रोपाइँको चटारोकाबीच मलको हाहाकार

❑ नेस संवाददाता

काठमाडौं – देशभर मनसुन सक्रिय भएसँगै धान रोपाइँको चटारो सुरू भए पनि किसानले रासायनिक मल नपाउँदा खेत बाँझै राख्नुपर्ने अवस्था सिर्जना भएको छ। पूर्वको मोरङदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्मका किसान मलका लागि सहकारी र एग्रोभेट धाइरहेका छन्, तर अधिकांश रित्तो हात फर्कन बाध्य छन्। सरकारले मल अभाव नहुने दाबी गरिरहँदा किसान भने कि रोपाइँ रोकिरहेका छन् कि त भारतबाट अवैध रूपमा भित्रिएको वा कालोबजारीको महँगो मल किन्न विवश छन्। कृषि मन्त्रालयका अनुसार बर्खे धानका लागि करिब दुई लाख ३० हजार टन मल आवश्यक पर्छ, तर हाल सरकारी गोदाममा जम्मा ७० हजार टन मात्रै मौज्दात छ। माग र आपूर्तिबीचको यही खाडलले किसानलाई हरेक वर्षझैं यसपालि पनि निराश बनाएको छ।

कञ्चनपुरका किसान मोहन दमाईले ५ कट्ठा खेतमा हाल्ने एक बोरा मल नपाउँदा रोपाइँ नै रोकेको गुनासो गरे। मोरङका सतिशकुमार मण्डल सात बिघा जग्गामा मल नहाली रोपाइँ गर्न नसकेको बताउँछन्। उनको परिवार दिनभर लाइन बस्दा पनि रित्तै फर्किएपछि अवैध भारतीय मलको भर पर्नुपरेको छ।












# दक्षिण कोरियामा कुकुरको मासु प्रतिबन्धित



❑ नेस संवाददाता

काठमाडौं – दक्षिण कोरियाले ऐतिहासिक रूपमा कुकुरको मासु उपभोगमाथि प्रतिबन्ध लगाएको छ, तर यो निर्णयले पुस्तौंदेखि यही व्यवसायमा आश्रित हजारौं किसानलाई आर्थिक संकटमा धकेलेको छ भने फार्ममा रहेका करिब पाँच लाख कुकुरको भविष्यसमेत अनिश्चित बनेको छ ।

सरकारको यो कदमले एकैसाथ मानवीय, आर्थिक र नैतिक संकट जन्माएको छ । सन् २०२७ सम्ममा व्यवसाय बन्द गर्नुपर्ने कानूनी समयसीमा नजिकिँदै गर्दा किसानहरू आफ्ना कुकुर बेच्न नसकेर ऋणमा डुबेका छन् । 'गत गर्मीदेखि एकजना पनि व्यापारी किन्न आएनन्, हामी ऋणमा डुब्दैछौं,' ६० वर्षीय किसान जू योङ्-बङले आफ्नो निराशा पोखे । सरकारले व्यवसाय बन्द गर्न क्षतिपूर्ति दिने भने पनि त्यो अपर्याप्त भएको उनीहरूको गुनासो छ ।

विडम्बना त यो छ कि, मासुका लागि मारिनबाट बचाउन ल्याइएको कानूनकै कारण अब यी कुकुरहरूलाई अन्यत्र लैजाने विकल्प नहुँदा 'युथेनेजिया' (दयामृत्यु) दिनुपर्ने दर्दनाक अवस्था सिर्जना भएको छ । पशुअधिकारकर्मीहरूले समेत सबै कुकुरको उद्धार गर्न असम्भव रहेको स्वीकारेका छन् । आश्रयस्थलहरू भरिभराउ छन् र मासुका लागि पालिने ठूला प्रजातिका कुकुरलाई घरमा पाल्न मानिसहरू हिच्किचाउँछन् ।

पछिल्ला वर्षहरूमा कुकुरको मासु खाने सँस्कृति घट्दै गएपछि यो प्रतिबन्ध लगाइएको हो । तर, राम्रो नियतले ल्याइएको कानूनको कमजोर कार्यान्वयन योजनाले किसान र निरीह जनावर दुवैलाई अनिश्चित भविष्यतर्फ धकेलेको छ । किसानहरू आफ्नो जीवन निर्वाहको बाटो गुम्दा छटपटाइरहेका छन् भने हजारौं कुकुरहरू फार्म र मृत्युको दोसाँधमा अड्किएका छन् ।

# पुलाचौरमा 'लिफ्ट' प्रविधिले ल्यायो घरघरमा खानेपानी

❑ नेस संवाददाता

काठमाडौं – म्याग्दीको बेनी नगरपालिका-५ पुलाचौरमा 'लिफ्ट' प्रविधिबाट खानेपानी आयोजना निर्माण गरिएको छ । खानेपानी, जलस्रोत र सिँचाइ डिभिजन कार्यालय म्याग्दीमार्फत पुलाचौरको बस्ती मुनिको मुहानबाट पानी तानेर घरघरमा धारा बनाइ वितरण गरिएको हो ।

आर्थिक वर्ष २०७६/७७ देखि निर्माण सुरू भएको आयोजना सात वर्षमा सम्पन्न भएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष रामप्रसाद सुवेदीले बताए । 'तीनवटा योजनाअन्तर्गत निर्माण खानेपानी आयोजनाका लागि पर्याप्त बजेट नआउँदा ढिलाइ भएको हो,' उनले भने, 'पुलाचौरको तल्लो र मध्य गाउँको योजना यसअघिका वर्षमा सकिएको थियो । माथिल्लो टोलमा यसै सातादेखि पानी वितरण गरेर आयोजनालाई पूर्णता दिएका हौं ।'

अध्यक्ष सुवेदीका अनुसार जोत्रे र पधेरा मुहानको पानीलाई ७५ हजार लिटर क्षमताको टंकीमा सङ्कलन गरेर २० हर्सपावर क्षमताको 'सबमर्सिव' पम्पबाट दुई सय ५० मिटरमाथि रहेको चुलेसीस्थित अर्को टंकीमा पुऱ्याएर थप तीनवटा रिजर्भ टंकीमार्फत वितरणको व्यवस्था मिलाइएको छ । आठ सय मिटर लामो तीन इञ्चको पाइपमार्फत माथिल्लो टंकीमा पानी पुऱ्याइएको उनले उल्लेख गरे ।

आयोजनाबाट एक सय ८२ परिवार लाभान्वित भएको उपभोक्ता समितिका सचिव सागर पौडेलले बताए । 'विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयमा पनि धारा जडान गरिएको छ । सबैका घरमा मिटरसहितको निजी धारा जडान गरेर पानी वितरणको व्यवस्था मिलाएको छ,' उनले भने । सचिव पौडेलले यसअघि सार्वजनिक धाराबाट गाग्री, बोत्तल र ग्यालीनमा पानी ओसार्नुपर्ने बाध्यता अब अन्त्य हुने विश्वास व्यक्त गरे ।

'आठ-दश घरले एउटा धाराबाट पानी ल्याउँदा पालो पर्खनुपर्ने र कहिलेकाहीं पानीका कारणले विवाद पनि हुन्थ्यो,' स्थानीय मिनाकुमारी विकले भने, 'घरकै धारामा पानी आउन थालेपछि पानी ओसार्दा हुने समयको बचत र झन्झट हटेको छ ।'

उपभोक्ताको श्रमदानबाहेक आयोजना निर्माणमा दुई करोड १० लाख ४८ हजार ३ सय ४८ खर्च भएको खानेपानी जलस्रोत र सिँचाइ डिभिजन कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर झलकमोहन ओझाले जानकारी दिए ।

# सडकमा दैनिक ७ जनाको मृत्यु

❑ नेस संवाददाता

काठमाडौं – पोखराको लेकसाइडमा मध्यराति तीव्र गतिमा हुइँकिएको मोटरसाइकल सडकछेउको पोलमा ठोक्किँदा दुई युवकले ज्यान गुमाए । यो एउटा प्रतिनिधि घटना मात्र हो, जसले नेपालका सडकमा मोटरसाइकल दुर्घटनाको भयावह चित्र देखाउँछ । पछिल्ला २२ महिनामा भएका कुल दुर्घटनामध्ये ७९ प्रतिशत मोटरसाइकलसँग सम्बन्धित छन्, र अधिकांशको कारण उही छ – अनियन्त्रित गति ।

नेपाल प्रहरीको तथ्याङ्कले अवस्था अझ भयावह देखाएको छ । पछिल्ला ६ वर्षमा सडक दुर्घटनामा १४ हजार २ सय ३५ जनाले ज्यान गुमाइसकेका छन्, अर्थात् दैनिक औसत सात जनाको सडकमै मृत्यु हुने गरेको छ । यस अवधिमा भएका कुल ६९ हजार ७ सय ६२ सवारी दुर्घटनामध्ये ५५ हजार ५ सय ८७ वटामा मोटरसाइकल मुछिएका छन् । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनले पनि विश्वव्यापी रूपमै दुईपांग्रे सवारी दुर्घटनाको जोखिम उच्च रहेको देखाउँछ । ट्राफिक प्रहरी अधिकारीहरूका अनुसार, चालकको लापरवाही, तीव्र गति, मादकपदार्थ सेवन (मापसे), र सवारी नियमको उल्लङ्घन दुर्घटनाका प्रमुख कारण हुन् । गण्डकी प्रदेशमा भएका ५८ प्रतिशत दुर्घटनाको कारण तीव्र गति नै रहेको पाइएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्कीकी प्रमुख शोभा पाण्डेय भन्छिन्, 'मोटरसाइकल चलाउनु हतियार चलाउनु जस्तै हो, जसलाई चालकले पूर्ण नियन्त्रणमा राख्नैपर्छ ।'

# मिस नेपाल-२०२५ को आवेदन खुला, थपियो कोस्मो उपाधि

❑ नेस संवाददाता

काठमाडौं – सौन्दर्य प्रतियोगिता 'मिस नेपाल'ले आफ्नो ३० औं संस्करणको घोषणा गर्दै २०२५ का लागि आवेदन खुला गरेको छ । आयोजक संस्था द हिडन ट्रेजरले यस वर्षदेखि 'मिस नेपाल कोस्मो' नामक नयाँ उपाधि थप गरिएको जानकारी दिएको हो । यस पटक प्रतियोगिताबाट 'मिस नेपाल वर्ल्ड', 'मिस नेपाल इन्टरनेसनल', 'मिस नेपाल अर्थ' र नयाँ थपिएको 'मिस नेपाल कोस्मो' गरी चार विजेता छानिने छन् । 'मिस कोस्मो'को विजेताले भियतनाममा हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाउनेछिन् । प्रतियोगिताको ग्राण्ड फिनाले आगामी भदौ १४ गते गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजना हुनेछ ।

कार्यक्रममा बोल्दै हिडन ट्रेजरका निर्देशक सुवर्णबहादुर क्षेत्रीले विगतका उपलब्धिबाट सिक्दै मिस नेपाल भविष्यतर्फ उन्मुख भएको बताए । पूर्व मिस नेपालहरूले यो मञ्चले आफूहरूलाई व्यक्तिगत रूपमा रूपान्तरण गरेको, आत्मविश्वास बढाएको र विश्वसामु नेपालको आवाज उठाउन महत्वपूर्ण अवसर प्रदान गरेको अनुभव सुनाए ।












# नगर सरसफाई..

पृष्ठ १ को बाँकी

सरसफाई कार्यक्रममा सरिक हुन नेपाली समुदायलाई आह्वान गरिएको महासचिव बाबुराम पौडेलले जानकारी दिनुभयो । नगर सरसफाइ कार्यक्रममा बोल्दै शिन्ज्युकु सिटी ओकुबो विशेषशाखा कार्यालयका प्रमुख आजुमा तोमोनोरीले कार्यक्रममा नेपालीहरूको उत्साहजनक सहभागिता हुनु खुशीको कुरो भएको बताउनुभयो । यसबाट आफु बसेको समुदाय सबै मिलेर स्वच्छ र सफा राखौ भन्ने स्पष्ट सन्देश प्रवाह भएको उहाँले बताउनुभयो । यसैगरी शिन्ज्युकु ह्याकुनिन्च्यो आकारुई खाइ श्योतेन्गाइ शिन्को कुमिआइका अध्यक्ष साकाउची हिदेआकीले सम्बन्धित सबै पक्षबाट सामाजिक उत्तरदायित्वसहितको सहभागिता अपेक्षित रहेको बताउनुभयो । उहाँले भन्नुभयो -'आफु बसेको सोसाइटी हामी सबै मिलेर स्वच्छ र सौहाद्रपूर्ण बनाउनुपर्छ भन्नेमा हामी जापानीहरू सचेत छौं, विदेशी मित्रहरूबाट पनि हामी सोही अपेक्षा गर्दछौं ।'



नगर सरसफाई कार्यक्रममा नेपाली व्यवसायी संघ जापानका संरक्षक बिनोद शेरचन, एनआरएनए जापानका उपाध्यक्षद्वय सचिन श्रेष्ठ र सुभाष लामिछाने, पूर्व अध्यक्षहरू ओम गुरूङ, शिवप्रसाद पौडेल, नेपाल आदिबासी जनजाति महासंघ जापानका अध्यक्ष श्री गुरूङ, तमु धी जापानका पूर्व अध्यक्ष रमेश गुरूङ, गुरुङ समाज जापानका प्रमुख सल्लाहकार जीवन गुरूङ, नेपाल पत्रकार महासंघ जापानका पूर्व अध्यक्ष मोहन घले, दोलखा समाज जापानका अध्यक्ष सञ्जिव पोखरेल, स्थानीय व्यवसायीहरू कामना भण्डारी, माइकल गौचन, सुरेन्द्र खड्का, मधु पौडेल लगायत सरिक हुनुहुन्थ्यो । नेपाली समुदायका विभिन्न संघसंस्थाका प्रतिनिधिमुलक सहभागिता रहेको नगर सरसफाई कार्यक्रममा करिव दुई दर्जन नेपालीहरू र आधा दर्जन जति बंगलादेशका नागरिकहरू सरिक थिए ।




उनीहरूलाई संघका संरक्षक शेरचनले दिवा खाना (लञ्च) को प्रायोजन गरी सहयोग गर्नुभएको थियो भने संघका वरिष्ठ उपाध्यक्ष ददिवल खड्काले एनबिए जापानको लोगो अंकित ५० थान हाफ जकेट प्रायोजन स्वरूप सहयोग गर्नुभएको थियो । अपरान्ह २ बजेदेखि ३ बजेसम्म भएको नगर सरसफाई कार्यक्रममा यस क्षेत्रमा रहेका जापानी भाषा कलेज तथा विश्वविद्यालयमा अध्ययनरत दर्जनौ नेपाली तथा अन्य विदेशी विद्यार्थीहरूको पनि उत्साहजनक सहभागिता रहेको थियो । फ्ह्ट हेर्दा सामान्य लागे पनि जापानी समुदायद्वारा आयोजना गरिने यसप्रकारका सामाजिक तथा साँस्कृतिक गतिविधिमा विदेशीहरूको सहकार्य, सहभागिता र सक्रियताको विशेष महत्व र सन्देश रहनेमा दुई मत छैन ।

- तिलक मल्ल

# बन्द हुने ..

पृष्ठ १ को बाँकी

**उत्पादनमा आत्मनिर्भर बन्नसक्छ, अहिलेको अवस्था के हो ?**


लाइसेन्सिएटेड म्यानुयाक्चरिङ कम्पनीहरूको संख्या १०० भन्दा बढी छ । त्योमध्ये ६५ वटा चाहिँ उद्योगहरूलाई डब्लुएचओ जीएमपी गाइडलाइन्स भित्रको भनेर सर्टिफिकेसन मिलिसकेको छ । अनि हाम्रो फन्डै-फन्डै नि ९ हजार करोडको हाम्रो फार्मास्युटिकल सेक्टरको बिजनेस र व्यापारको पोर्टफोलियो हो । त्यो ९ हजार करोडमध्ये अहिले करिब-करिब ४५ प्रतिशतको हाराहारीमा हाम्रो स्वदेशी उत्पादन छ । त्यसपछि ५५ प्रतिशतको हाराहारी चाहिँ हाम्रो इम्पोर्ट छ । त्योमध्ये पनि करिब ९० प्रतिशत इम्पोर्ट हाम्रो भारतबाट छ । पुरै आत्मनिर्भर भएन तर त्यतातिर बढिरहेको छौं, उन्मुख छौं ।

**प्राइभेट सेक्टरबाट खुलेका फार्मास्युटिकल्सले सबै औषधि उत्पादन गरेर वितरण गर्न सक्ने, तर ५३ वर्ष अगाडिको संस्थाले किन सकेन, के रहेछ कारण ?**

अब भइदियो के भन्नुहुन्छ भने सन् १९९७-९८ तिरबाट डब्लुएचओ जीएमपी गाइडलाइन्सले स्ट्यान्डर्डाइज र अपग्रेडेसन गर्ने, क्यापासिटी बढाउने जुन ग्लोबल कन्टेक्स्ट आयो । गभर्मेन्टको त्यतिखेर एप्रोच पुगेन, सोच पनि पुगेन । शतप्रतिशत गभर्मेन्टको स्वामित्व भएको औषधि उद्योग चलाउनुपर्छ है भन्ने, त्यो खालको परिस्थिति बनेन, वातावरण पनि बनेन । तर अहिले लय समातेको छ । एउटा त रेञ्ज नै बढ्यो । दोस्रो, यो रेञ्ज बढाउँदाखेरि आन्तरिक स्रोत र अनि सञ्चालन गर्दा मुनाफामा छ । अपरेसनल प्रफिट जुन भन्छौं नि हामी । अनि तेस्रो चाहिँ नेपाल औषधि लिमिटेड लाइन मिनिस्ट्रीको हिसाबले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयभित्र हो । तर यसले गर्ने नेचर अफ वर्क, जुन उत्पादन गर्छ नि, त्यो चाहिँ स्वास्थ्य मन्त्रालयको प्रोडक्ट भयो । अनि स्वास्थ्य मन्त्रालयसँग एमओयू गरेर पोलिसीमै नेपाल औषधि लिमिटेडले उत्पादन गरेका उत्पादनहरूलाई एमओयू गरेर पोलिसी वाइज नै स्वास्थ्य मन्त्रालयभित्र प्रादेशिक, क्षेत्रीय, स्थानीय, सबै अस्पतालले उपयोग मोडेल छ । अनि चौथो र अनि ऐतिहासिक र रिमार्केबल भनेको के हो भने ५२ वर्षको इतिहासमा नेपाल औषधि लिमिटेडले डब्लुएचओ जीएमपी गाइडलाइन्सको सर्टिफिकेसन पायो ।

**भनेपछि अब विश्व स्वास्थ्य संगठनले बनाएको मापदण्ड मेन्टेन गर्न औषधि लिमिटेड सफल भयो ?**

सफल भयो । त्यसको इन्फ्रास्ट्रक्चर, मेसिनरी, लो चार्ट, एयर कन्डिसनिङ, भेन्टिलेसन, मेनपावर, इत्यादि-इत्यादि । कैयौं छन् त्यसमा । त्यो सर्टिफिकेट नेपाल औषधि लिमिटेडले अहिले पायो । अब यसको दायरा नि फराकिलो भयो । किनभने हाम्रा स्वास्थ्य केन्द्रहरूले र अनि प्रादेशिक खरिदका निकायका संस्थाहरूले, स्वास्थ्य मन्त्रालयहरूले डब्लुएचओ जीएमपी गाइडलाइन्स भएको कम्पनीले उत्पादन गरेको उत्पादनहरू बढी क्वालिटेटिभ्ली एस्योर्ड हुने र अनि सिस्टममा हुने, स्टेबल हुने भन्ने जुन छ नि, त्यो चाहिँ मापदण्डले, त्यो सर्टिफिकेसनले यसको दायरा फराकिलो गरिदियो । अब कसैलाई पनि कन्फ्युजन केही पनि भएन । नेपाल औषधि लिमिटेडले उत्पादन गर्ने जुन प्रोडक्टहरू छ, त्यो क्वालिटेटिभ्ली पनि एस्योर्ड भयो र अनि अन्य हिसाबकिताबले वर्ल्ड हेल्थ अर्गनाइजेसनको गाइडलाइन्सको मापदण्डको हिसाबले पनि त्यो इनकम्प्लायन्स र कम्पिटिटिभ छ भन्ने भयो ।



**राज्यले औषधि फ्याक्ट्री किन चलाउनुपर्‍यो पनि भनिन्छ नि !**

तीनवटा कारणले राज्यले चाहिँ नि औषधि उद्योग चलाउनुपर्छ, यो ग्लोबल ट्रेन्ड पनि हो । वर्ल्डवाइड नै गभर्मेन्टले औषधि फ्याक्ट्री चाहिँ नि चलाएको हुन्छ । त्यसको पछाडि इम्पोर्टेन्ट कारण हुन्छ । एउटा हो इकोसिस्टम । गभर्मेन्टले एउटा एक्जम्पलको रूपमा, स्याम्पलको रूपमा चलाइदिनुपर्छ । ताकि त्यो रिलेटेड क्षेत्र के हुने भयो त ? दायरा फराकिलो हुँदै जाने भयो नि त । दोस्रो, गभर्मेन्टले चाहिँ नि गुणस्तर, गुणस्तरीयता कायम गर्ने । यो गुणस्तरको कम्तीमा हुनुपर्छ भनेर उदाहरण देखाउनुपर्‍यो नि । तेस्रो मूल्य निर्धारण । चौथो इम्पोर्टेन्ट, क्राइसिस म्यानेजमेन्ट । जस्तै, क्राइसिस म्यानेजमेन्टमा किन जोड दिनुभयो भनेर भन्नुहोला । त्यत्रो कोभिड भयो । कोभिड भयो, डेंगु भयो । प्राइभेट सेक्टरका औषधि उद्योगहरूले पारासिटामोल बनाएर बजारमा राखेनन् । त्यतिखेर त्यही नेपाल औषधि लिमिटेडले नै सिटामोल बनायो घाटैमा र अनि गभर्मेन्टलाई सप्लाई गर्‍यो । यो चारवटा कारणले गर्दाखेरि गभर्मेन्टको यो सेक्टरमा उपस्थिति हुनुपर्छ भन्ने मान्यता राख्छु म ।

**अहिले तपाईको जुन मान्यता भनिरहनुभएको छ, साँच्चिकै राम्रो छ । यो मान्यता सरकारलाई बुझाउन सफल हुनुभएको छ ?**

नेपाल औषधि लिमिटेड अब चाहिँ करिब-करिब चाहिँ नि अब उकालो लाग्दो चाहिँ ग्राफमा छ । अब त्यहाँ धेरै चीज गरिरहनुपर्ने केही पनि छैन । राज्यले खाली पोलिसीमा मात्रै सुनिश्चितता गरिदिए चाहिँ पुग्ने ठाउँमा नेपाल औषधि लिमिटेड पुगिसक्यो । अब अहिले १०-११ वटा छ । आन्तरिक स्रोत र उत्पादनबाट प्रफिटमा छ । अर्को वर्ष आरएन्डडीमा भएका ९ वटा प्रोडक्टहरू एड हुन्छन् । यसले अरू चाहिँ नि रेभिन्यु थप्दै जान्छ । अफ क्याटेगोरिकल्ली अहिले मैले पछिल्लो समय चाहिँ नि स्वास्थ्य मन्त्रालय र राज्यसँग लबिङ गरिरहेको एउटा अर्को इम्पोर्टेन्ट एरिया छ । त्यो के हो भन्नुहुन्छ भने, ६४ सालबाट जीवनजल, पारासिटामोल लगायतको मूल्य पटक्कै वृद्धि भएको छैन । फण्डै १५ करोड जति सिटामोलको खपत हो नेपालमा । त्यही १५ करोड जति नै जीवनजल । सरकारले ९८ औषधि निःशुल्क वितरण गर्छ । ९८ प्रकारका औषधिहरू यही फ्यासिलिटीबाट नसकिएला । अन्यत्र सिट गरेर, याब्रिकेट गरेर फ्याक्ट्री नै बनाउनुपर्ने पनि हुनसक्छ । तर ३५-४० वटा इसेन्सियल त त्यहीँबाट बनाएर दिन सकिन्छ ।

**औषधि उत्पादन थप्ने प्लानमा हुनुहुन्छ, कार्ययोजनामा कस्तो छ ?**

नयाँ प्रोडक्टहरू रिसर्च एन्ड डेभलपमेन्ट गरेर स्ट्याबिलिटीमा राखेर सबै गर्नको लागि अलिकति एक्स्ट्रा फन्ड पनि चाहिँ जरूरत हुन्छ । त्यो सकिन्छ ।

**अन्त्यमा, सोध्न छुटेको र यहाँले भन्नैपर्ने विषय केही छ ?**

अब मेरो कार्यकाल त जम्मा अब दुई अढाई महिना मात्रै बाँकी हो । तीन वर्षलाई थपेर चार वर्ष पनि गर्न मिल्छ । अब एक वर्ष जस्तो अरू त्यहाँ टाइम भयो भने देखि स्रोतसाधनलाई जुटाउने, अरू गभर्मेन्टसँग लबिङ गर्ने, यो पाइपलाइनमा भएका आठ-नौ वटा प्रोडक्टहरू पनि फेरि ठ्याक्कै बजारमा लिएर आएर अब धर्मराउँदैन है भन्ने सम्मको लेभलमा पुऱ्याइदिन पाए हुन्थ्यो भन्ने हो मेरो भित्री कुरा । किनभने म जहाँ पनि गएको छु नि, म काउन्सिलमा जाँदाखेरि पनि मैले सार्क रिजनमै लाइसेन्सिङ एक्जामिनेसन फार्मेसीमा मैले सुरु गरें । त्यस्तै गरेर अब यसलाई पनि यो कहिल्यै पनि नधर्मराउने होस् भन्ने म चाहन्छु । अब लेट्स सी के हुन्छ, कसो हुन्छ, भन्न सक्दिँन ।






# टोकियोमा पहिलोचोटी तीज फेस्टिवल हुँदै




❑ नेस संवाददाता

टोकियो - नेपालीहरूको सामाजिक र साँस्कृतिक पर्वकारूपमा देशविदेशमा समेत हर्षोल्लासका साथ मनाईने हरितालिका तीजको अवसरमा टोकियोको मुटु शिनओकुबोमा दुई दिवसीय तीज फेस्टिवल हुने भएको छ ।

आगामी अगष्टको २३ तारिख शनिबार र २४ तारिख आइतबार दुई दिन उक्त तीज फेस्टिवल हुने बताईएको छ । यो वर्षको तीज अगष्ट २६ मा परेको छ भने २५ तारिख दरखाने रहेको छ । जापानमा सबैभन्दा बाक्लो नेपालीहरूको उपस्थिति र गतिविधि हुने मिनी नेपाल भनेर चिनिने शिनओकुबो र ताकादानोबाबा स्टेशनको बीचमा रहेको बहुचर्चित मानिने तोयामा पार्कमा उक्त फेस्टिवल हुने भएको हो । स्थानीय जापानी समुदायको प्रत्यक्ष सहकार्यमा हुने उक्त फेस्टिवलको तैयारीलाई तीब्र पारिएको बताईएको छ ।

नेपाल र जापानबीच रहीआएको असल सम्बन्ध र आयामहरूलाई जनस्तरसम्म बिस्तार गर्दै साँस्कृतिक तथा सामाजिक सद्भावको आदान प्रदान गर्ने उद्देश्यले उक्त फेस्टिवल गर्न लागिएको फेस्टिवल आयोजक कमिटीका संयोजक तिलक मल्लले बताउनुभयो । फेस्टिवलमा तीजजन्य मौलिक साँगीतिक प्रस्तुती र तीजजन्य अर्गानिक परिकारलाई विशेष मानककारूपमा लिईने बताईएको छ । यसैगरी तीज विशेष कार्यक्रम भएकोले नारीहरूको प्रस्तुती र प्रतिभालाई प्राथमिकतामा राखिने पनि आयोजक स्रोतले जनाएको छ । फेस्टिवलमा नेपालका चर्चित कलाकारहरूका साथै स्थानीय कलाकारहरूको तीज विशेष धमाकेदार साँगीतिक प्रस्तुती रहने भएको छ ।

दूबै दिन बिहान १० बजेदेखि साँझ ६:३० बजेसम्म चल्ने फेस्टिवलमा जापानी सँस्कृति झल्कने प्रस्तुतीहरूका साथै कोरियन, भियतनामी, बंगलादेशी, चिनिया लगायतका देशहरूको सँस्कृति झल्कने प्रस्तुती पनि रहने स्रोतको दावी छ । फेस्टिवलमा शिन्ज्युकु सिटी अन्तर्गतको बहुसाँस्कृतिक केन्द्र, इन्टरनेशनल बिजनेश नेटवर्क लगायतका निकायको सहकार्य रहने बताईएको छ ।


फेस्टिवलमा नेपाली, जापानी लगायतका खानाका परिकारका साथै रेमिट्यान्स, मोवाइल, ट्राभल, स्कुल, कलेज लगायतका सेवा तथा उत्पादनका स्टलहरू रहने छन् भने नेपालको पर्यटन प्रबर्द्धनसंग सम्बन्धित विशेष कार्यक्रमहरू पनि रहने छन् ।

हरितालिका तीजको अवसरमा ओपन कन्सर्टकारूपमा आयोजित तीज फेस्टिवलमा प्रवेश निःशुल्क रहने छ । शिनओकुबो-ओकुबो क्षेत्रमा रहेको नेपालीहरूको बाक्लो उपस्थिति, सक्रियता र गतिविधिलाई फेस्टिवल मार्फत उजागर गर्दै बहुसाँस्कृतिक समाज निर्माणमा हिस्सेदार बन्नु फेस्टिवलको अर्को उद्देश्य रहेको बताईएको छ ।

स्मरण रहोस, फेस्टिवलको आयोजकमा SMYG e-Group रहेको छ । करिव आधा दर्जन कम्पनीहरूको कुमिआई स्वरूपमा आएको SMYG e-Group को इन्टर्टेन्मेन्ट तथा मोटिभेशनसंग सम्बन्धित इभेन्ट म्यानेजमेन्ट, इ-सेवासंग सम्बधित डिजिटल मार्केटिङ तथा भर्च्युअल प्लेटफर्म लगायतका सेवा प्रवाह गर्ने लक्ष रहेको छ ।

हाल झण्डै दुई लाखको हाराहारीमा रहेको जापानको नेपाली समुदायमा वर्षभरिका पर्वहरू मध्य सबैभन्दा धेरै कार्यक्रम हुने पर्वमा हरितालिका तीज पर्दछ । अघिल्लो वर्षको रेकर्ड हेर्ने हो भने करिव २ हप्ताको अवधिमा टोकियो र आसपासका क्षेत्रमा गरी झण्डै तीन दर्जन साना-ठूला तीज कार्यक्रहहरू भएका थिए भने झण्डै डेढ दर्जन जति कलाकारहरू नेपालबाट आमन्त्रित थिए । नेपाली चेलीहरूको भावनासंग जोडिएको पर्व भएकोले पनि यस पर्वमा छुट्टै खालको रौनकता छाउनुका साथै स्वतःस्फुर्त दर्शकहरू भेला हुने भएकाले तीज कार्यक्रमको आयोजना गर्न संघसंस्थाहरू उत्साहित देखिन्छन् ।


# के तपाई हामीसँग काम गर्न चाहनुहुन्छ ?



K–LINE GROUP ले विगत लामो समयदेखि विभिन्न कम्पनीहरूका लागि आवश्यक कामदाहरू भर्ना गरी रोजगार प्रदान गर्दै आईरहेको छ । हाल यस कम्पनीको मातहतमा ४ सय जना आरूबाइतो र १७ जना सेइ-स्याईन लिडरको रूपमा काम गरिरहेका छन् । सबै कार्यक्षेत्रमा नेपाली सिनियर कर्मचारीहरू भएकोले नेपाली भाषामा नै सहज तरिकाले काम सिकाउने गरिन्छ ।

**अहिलेको लागि आवश्यक कर्मचारीहरू :**

**१. २०२६ अप्रिलदेखि काम सुरू गर्नेगरी सेइस्याइन (नेपाली कर्मचारीहरूको श्रम व्यवस्थापन, भाषा अनुवाद तथा नयाँ कर्मचारी भर्ना आदि)**

लक्षित उम्मेदवार २०२५ मार्चमा नेपालका विश्वविद्यालयबाट स्नातक गरेका वा जापानका प्राविधिक विद्यालयहरूबाट स्नातक हुने तयारीमा रहेका र जापानीभाषा (JLPT) N2 स्तर भएका, कामप्रति लगाव भएका स्पष्ट र आत्मविश्वाका साथ संवाद गर्न सक्ने नेपाली नागरिक रहेका छन् ।

यस कम्पनीमा जापानमा स्थायी बसोबास अनुमति प्राप्त वा जापानी नागरिकता लिएका कार्मचारीहरू पनि कार्यरत रहेकाले दीर्घकालीन रूपमा काम गर्न सक्ने वातावरण रहेको छ । यदि काममा कुनै भाषाको समस्या भएमा पनि नेपाली भाषामा नै सोधपुछ गर्न सकिन्छ । सेवा सुविधा आफ्नो क्षमता अुनसार प्रदान गरिनेछ ।

कामको मुख्य जिम्मोवारी आरूबाइतो तथा पार्ट टाइम कामदारहरूको व्यवस्थापन, भाषा अनुवाद तथा दोभाषे सेवा र नयाँ कर्मचारी भर्ना गर्ने रहेको छ भने कार्यस्थल ताचिकावा (टोकियो), सागामिहारा, कानागावा, याचियो (चिबा), ताकासाकी (गुन्मा), तोयोआखे (आइची) र कुवाना (मिए) रहेको छ ।

**२. तोकुतेई गिनोउ उत्तीर्ण कर्मचारी (SSW) (खाद्य र पेय पदार्थ उत्पादन सम्बन्धिको योग्यता श्रेणी १ नम्बर)**

SSW परिक्षा उतिर्ण भएका आवेदकले आवेदन दिन सक्नेछन् साथै अन्य कम्पनीबाट स्थानान्तरण गर्न चाहनेहरूका लागि पनि





अवसर रहेको छ । हाल योग्यता श्रेणी २ भएका एकजना नेपाली यस कम्पनीमा आवद्ध छन् । कम्पनी भित्रको काम विशेष गरी तरकारी, फलफूल आदिको प्रशोधन तथा प्याकेजिङ गर्ने काम समावेश रहेको छ । कामको कुनै अनुभव नभए पनि कम्पनीमा आवद्ध भएपछि आवश्यक सीप सिक्न सक्नुहुनेछ ।

२०२४ जनवरीदेखि दुई वर्ष वा सो भन्दा बढि कर्मचारी व्यवस्थापन जस्ता कार्यको अनुभव पछि, यदि तपाइले परीक्षा उत्तीर्ण गर्नुभयो भने SSW नम्बर २ मा जान सम्भव हुनेछ । SSW २ मा परिणत भएपछि परिवारका सदस्यहरूलाई डिपेन्डेन्टमा जापानमा ल्याउन सकिन्छ । साथै SSW बाट अन्य भिसामा परिवर्तन गर्न सकिने संभावना रहनुका साथै दिर्घकालिन रूपमा जापानमा बस्ने अनुमति प्राप्त गर्न सक्नुहुनेछ ।

**त्यस बाहेक विभिन्न कम्पनीमा आरूबाइतो कामदार पनि भर्ना गरिरहेको हुनाले त्यसका लागि पनि संपर्क गर्नुहोला ।**

K•LINE GROUP
www.k-linegroup.co.jp

सम्पर्क
फोन:03-3358-4075 (जापानी भाषा), 070-3619-2460 (नेपाली भाषा-चन्द्र)
Line OK! K-line Primeira Viber OK!
E-mail: kline-saiyo@primeira.jp


Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)
www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka